नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## आ.व. २०८२/८३ को धान बाली उत्पादन अनुमान सम्बन्धि प्रेस नोट

नेपालको खाद्य सुरक्षाका लागि धान बाली एक महत्वपूर्ण बाली हो। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आ.व. २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिव २५.१६ प्रतिशत रहने अनुमान छ भने कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा धानबालीको योगदान करिव १२ प्रतिशित रहेको छ। यहि कारण धानको उत्पादन सम्बन्धी आँकडा योजनाविद्, सोध तथा अध्ययन कर्ता र आम जनसमुदायको चासोको विषय रहँदै आएको छ।

### अनुमान तयार गर्दा अपनाइएको विधि

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलले धान बालीको तथ्याङ्क अनुमान गर्दा सातवटै प्रदेशका कृषि विषय क्षेत्राधिकार भएका प्रदेश मन्त्रालयबाट प्राप्त तथ्याङ्कलाई आधार लिइएको छ। धानबाली भित्राइएको क्षेत्रफलको अनुमान गर्दा अघिल्ला आ.व.हरुको क्षेत्रफल सम्बन्धी तथ्याङ्क,रोपाईंको आँकडा, सिंचाइ क्षेत्रफलमा भएको परिवर्तन, किसानहरुसँगको अन्तर्क्रिया, जमिनको अन्य प्रयोगमा भएको परिवर्तनलाइ आधार लिइएको छ। उत्पादकत्व अनुमान गर्दा कृषि कार्यालय/कृषि ज्ञान केन्द्र, स्थानीय तह एवं राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ मार्फत गरिएका बाली कटानीका तथ्याङ्कहरुको आधारमा गरिएको छ। यसरी प्रदेश मन्त्रालयबाट प्राप्त तथ्याङ्क र यस मन्त्रालय र Integrated Center for Mountain Development (ICIMOD) को सहकार्यमा तयार गरिएको Remote Sensing २०२५ बाट प्राप्त तथ्याङ्क समेतलाई ध्यानमा राखी प्रदेश मन्त्रालय समेतको सहभागितामा Triangulation एवं भ्यालिडेसन् गरि धान बालीको यो तथ्याङ्क तयार गरिएको हो।

### चालु आर्थिक वर्षमा धान उत्पादनको अबस्था

आ.व. २०८१/८२ मा धान बाली भित्राइएको कुल क्षेत्रफल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफल रहेकोमा चालु आ.व. मा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८ सय ७२ हेक्टर क्षेत्रफल कायम रहेको प्रारम्भिक अनुमान छ। यसै गरि आ.व. २०८१/८२ मा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन उत्पादन भएकोमा चालु आ.व. ४.२० प्रतिशतले कमी भई ५७ लाख ५ हजार १ सय २६ मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको छ। यसै गरी उत्पादकत्व गत आ.व. मा ४.१९ मेट्रिक टन प्रति हेक्टर रहेकोमा आ.व. २०८२/८३ मा उत्पादकत्व १.१६ प्रतिशतले घटेर ४.१४ मेट्रिक टन प्रति हेक्टर हुन पुगेको छ।

### धान बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व कमी हुनुका कारणहरु

धान बालीको क्षेत्रफलमा कमी आउनुमा मुख्यगरि पहाडी क्षेत्रमा देखिएको बसाईसराई, युवाहरुको विदेश प्रतिको आकर्षण एवं फलफूल तथा नगदेबालीको क्षेत्रफलमा भएको वृद्धि छन भने तराई एवं शहरी क्षेत्रमा वृद्धि भैरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानबालीको क्षेत्रफलमा केही कमी आएको छ। यसै गरि मधेश प्रदेशमा विशेष गरि धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो। यस आर्थिक वर्षमा उन्नत बीउ बिजन र मलखादको पर्याप्त उपलब्धता हुँदा हुँदै पनि प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको छ। धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी भएका कारण चालु आ.व.मा समग्र धान उत्पादनमा कमी आएको छ।

मितिः २०८२ माघ ०४

२०८२।१०।०४

डा. जानुका पण्डित
सहसचिव एवं प्रवक्ता